हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरु अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : २०४ पृष्ठ : ४ २०७७ फाल्गुन १२ गते वुधबार (Wednesday 24 February 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# 'सर्वोच्चको ऐतिहासिक फैसला'

प्रधानमन्त्री केपी शर्मा ओलीको संसद् विघटन गर्ने कदमलाई सर्वोच्च अदालतले बदर गरिदिएको छ । सर्वोच्चको यो फैसलाले संविधानले नदिएको अधिकार प्रयोग गर्ने प्रधानमन्त्री ओलीको कदममा 'ब्रेक' लागेको छ ।

सर्वोच्च अदालतले मंगलबार गरेको फैसलाअनुसार पुस ५ गते सरकारको सिफारिसमा राष्ट्रपतिले विघटन गरेको संसद् ब्युँतिएको छ । सर्वोच्चको संवैधानिक इजलासले प्रधानमन्त्री ओलीले संविधानमा नभएको अधिकार प्रयोग गरेको ठहर गर्दै प्रतिनिधिसभा विघटनको निर्णय बदर गर्ने फैसला सुनाएको छ । मंगलबार दुईमहिना लामो बहसपछि प्रतिनिधिसभा विघटनको मुद्दामा फैसला सुनाएको हो ।




मंगलबार इजलासले १५ पृष्ठ लामो संक्षिप्त फैसला सुनाउँदै विघटन बदर र १३ दिनभित्र प्रतिनिधि सभा बैठक बोलाउन परमादेश नै जारी गरेको छ ।

'प्रतिनिधिसभाको अधिवेशन बोलाइ बैठकको लागि आवश्यक व्यवस्था गर्नू गराउनु भनि प्रत्यर्थीहरूमध्येका राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रधानमन्त्री केपी ओली र सभामुख अग्नि सापकोटाको नाममा परमादेशसमेत जारी गरिएको छ,' फैसलामा भनिएको छ । प्रतिनिधि सभा विघटन हुँदा संसद्को अधिवेशन बोलाउनैपर्ने अन्तिम समय १३ दिन बाँकी छँदै विघटन भएको थियो । एउटा अधिवेशन सकिएको ६ महिनाभित्र अर्को अधिवेशन बोलाइसक्नुपर्ने संविधानको व्यवस्थाअनुसार पुस १८ गते ६ महिना पुग्दै थियो । संसद् सचिवालयले बैठक बोलाउने तयारी गरिरहँदा १३ दिनअघि अर्थात् पुस ५ मै विघटन गरिएको थियो ।

प्रधान न्यायाधीश चोलेन्द्र शमशेर राणा, न्यायाधीशहरु अनिल सिन्हा, विश्वम्भरप्रसाद श्रेष्ठ, तेजबहादुर केसी र सपना प्रधान मल्ल रहेको संवैधानिक इजलाशले प्रतिनिधिसभा ब्युँताउने फैसला गरेको हो । संविधानको धारा ७६ ( १) अनुसारको बहुमतको प्रधानमन्त्रीले धारा ७६ (७) अनुसार संसद् विघटन गर्ने संवैधानिक पूर्वसर्त अवस्था नभएको र

बाँकी ३ पेजमा

## टिप्पणी

# संविधानवादको जीत

### उद्धव हमाल

सर्वोच्च अदालतको बहुप्रतिक्षित मंगलबारको ऐतिहासिक फैसलाले संविधानवादको जीत भएको छ । सर्वोच्चले पुस ५ गतेको प्रम केपी शर्मा ओलीको संसद विघटन गर्ने असंवैधानिक, अलोकतान्त्रिक कदमलाई बदर गरेको छ । संविधानको धारा ७६ को उपधारा १,२,३,४,५ मा सरकार गठन प्रक्रिया छ । उक्त धाराहरू बमोजिम सरकार गठन हुन नसके मात्रै अन्तिममा बन्ने ७६(६) को प्रधानमन्त्रीले पनि ३० दिनभित्र संसदमा विश्वासको मत प्राप्त गर्न नसके अथवा संसदले प्रधानमन्त्री दिन नसके मात्रै राष्ट्रपति समक्ष विघटनको सिफारिस गर्न सक्ने स्पष्ट प्रावधान छ ।

संविधानमा स्पष्ट लेखिएको अक्षर र मर्म मुलुकको प्रधानमन्त्रीले मान्दिन भनेर संविधानमा हुँदै नभएको अधिकार प्रयोग गर्नु अधिनायकवाद हो । बहुमत पनि मान्दिन, पार्टी विधान पनि मान्दिन, म बस्न पाइन भने कुर्सी नै भाँचिदिन्छु भन्नू नै अधिनायकवाद हो । जुन केपी ओलीले सनकको भरमा उनको पार्टी भित्रको झगडा व्यवस्थापन गर्न नसकेर मुलुकमा अधिनायकवाद लादे र अवैधानिक रुपमा २ महिना बढी शासन



लम्ब्याए । अब सर्वोच्चको फैसला आइसकेपछि उनलाई १ मिनेट पनि सत्तामा बस्ने अधिकार छैन । जुन संसदको अल्पायुमै हत्या गर्ने उनले दुस्साहस गरे, त्यो ब्युतिसकेपछि उनको टेक्ने नैतिक धरातल अब बाकी छैन ।

यो पंक्ति लेखुन्जेल पनि उनले नेपाली जनतासंग माफी मागेका छैनन्, नैतिकताको आधारमा राजीनामा दिएका छैनन्, उनले उक्त फैसला आउने बित्तिकै पदबाट राजीनामा दिनुपर्थ्यो। हुन त नैतिक मूल्य हराएको राजनीतिमा सबैबाट श्रद्धेय कृष्ण प्रसाद भट्टराईको झै अपेक्षा गर्नु यहाँ भूल हुनेछ । आफ्नै सहकर्मी तीन पूर्व प्रधानमन्त्रीहरू प्रचण्ड, नेपाल र बाबुरामको कुरो नसुन्ने, उनकै पार्टीको तीन तह सचिवालय, स्थायी समिति र केन्द्रीय कमिटीको

बाँकी ४ पेजमा

## *१३ दिनभित्र संसद् अधिवेशन बोलाउन आदेश*

*सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनलाई बदर गरेको फैसलासँगै १३ दिनभित्र संसद् अधिवेशन बोलाउन पनि आदेश दिएको छ ।*

*प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा, न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना प्रधान मल्ल र तेजबहादुर केसीको संवैधानिक इजलासले प्रधानमन्त्री केपी ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको संसद् विघटन बदर हुने फैसला गरेको हो ।*

# *ओली प्रवृतिको समूल नष्ट*

*सर्वोच्च अदालतले प्रतिनिधि सभा विघटन गर्ने केपी ओली सरकारको निर्णयलाई बदर गरेर मुलुकमा विधिको शासन, संवैधानिक सर्वोच्चतालाई मात्र स्थापित गरेको छैन, संविधानवादको रक्षा पनि गरेको छ ।*

*शासकहरू क्रुर, सर्वसत्तावादी, तानाशाही हुँदा जनताको एकमात्र भरोसाको केन्द्र रहँदै आएको सर्वोच्च अदालतको गरिमा र आस्था बढेको छ । सर्वोच्चले मुलुकलाई ठूलो दुर्घटना हुनबाट जोगाएको छ । सर्वोच्चले आम जनताको भावनाको कदर मात्र गरेको छैन, संविधानको अक्षरंश पालना गर्नुपर्छ, नगर्नेहरू दण्डित हुन्छन् भन्ने सन्देश दिएको छ । सर्वोच्चको यो फैसला ऐतिहासिक हुनुका साथै स्वागतयोग्य पनि छ । आज सारा जनताले सर्वोच्च अदालतको जयजयकार गरिरहेका छन् । हामी पनि सर्वोच्चको यो ऐतिहासिक फैसलाको स्वागत गर्दछौं । नेपालको संविधान, २०७२ को कुनै पनि धाराहरूमा प्रतिनिधि सभा विघटनको बन्दोबस्त गरिएको छैन, विगतका फोहोरी खेल र प्रधानमन्त्रीको क्रुरता स्मरण गर्दै । हुँदै नभएको धारा टेकेर प्रधानमन्त्री ओलीले गरेको विघटनको सिफारिसलाई राष्ट्रपति विद्यादेवी भण्डारीले तत्काल सदर गरेकी थिइन् । कम्तीमा देशका कानुन बुझेका विप्र वर्गसँग राष्ट्रपतिले छलफल गरेको भए उनको गरिमामा यति धेरै ह्रास लाग्ने थिएन । ओलीले प्रतिनिधि सभा विघटन गर्नुको कुनै राजनीतिक कारण नै थिएन । थियो त केबल उनको सनक, तुजुक, सर्वसत्तावाद, निरंकुश र तानाशाही चरित्र र कर्म । आफू सत्तामा हुँदा संविधानलाई जसरी गिजोले पनि हुन्छ, संविधानवादलाई कुल्चे पनि हुन्छ र जनताको सार्वभौमिकतामाथि जति प्रहार गरे पनि हुन्छ भन्ने अहम्वादी सोच, चिन्तन र प्रवृत्तिले 'कानुन हातमा लिने' दुस्साहस गरेका थिए । ओलीले नेपालमा पनि सर्वोच्च अदालत छ, न्यायमूर्ति छन्, अन्याय नसहने जनता छन् भन्ने बिर्सेका थिए । ओलीको यो घमण्ड र अभिमानमाथि सर्वोच्च अदालतको फैसलाले चिसो पानी खन्याइदिएको छ । विद्यमान संविधान प्राप्तिका लागि नेपाली जनताले सत्तरी वर्षदेखि संघर्ष गर्दै आएका थिए । यो क्रममा सयौं नेपालीका छोराछोरी शहीद भए । कतिका परिवार छिन्नभिन्न भए । कति बेपत्ता भएरछन् । कयौं अपांग जीवन ब्यतीत गर्न अहिले पनि बाध्य छन् । जनताको रगतसँग साटिएको यो संविधानलाई कुल्चेर दम्भी ओलीले आफू संविधानभन्दा पनि माथि छु भन्ने भ्रम प्रदर्शन गरिरहेका थिए । शासकहरू जतिसुकै भ्रष्ट होउन्, नागरिकका*

*बाँकी ४ पेजमा*

वैठकको पूर्वाधार २ र ३ पेजमा

# संसद पुनः स्थापनाको खुसियालीमा दीप प्रज्वलन

सर्वोच्च अदालतले प्रतिनिधि सभा विघटन गर्ने सरकारको निर्णय बदर गरेपछि देशभर ठाउँ ठाउँमा खुसियाली मनाइएको छ । देशभरका विभिन्न स्थानमा पनि दिपावली नै गरिएको छ ।





सर्वोच्च अदालतले संसद पुनःस्थापना गरेको खुसियालीमा मंगलबार सिरहाको लहान, गोलबजार लगायत विभिन्न स्थानमा कांग्रेस कार्यकर्ता र नेकपा दहाल-नेपाल समूहका कार्यकर्ताहरूले सिरहाका विभिन्न स्थानमा मैनबत्ति प्रज्वलन गरेका हुन् । लहानमा कांग्रेस क्षेत्र नम्बरका क्षेत्रीय सभापतिको नेतृत्वमा सहिद चौकमा दीप प्रज्वलन गरिएको छ । त्यसैगरी जिल्ला इन्चार्ज रामकुमार यादवको नेतृत्वमा गोलबजार नगरपालिका-७ चोहर्वा, दिप प्रज्वलन गरेका थिए । त्यसैगरी कर्जन्हा नगरपालीकाका मेयर गंगा पासवानको नेतृत्वमा कर्जन्हा बजारमा दीप प्रज्वलन गरेका थिए । नेपाली जनताको जीत भएको र सर्वोच्च अदालतले जनताको पक्षमा निर्णय गरेको भन्दै गोलबजारमा पनि दीप प्रज्वलन गरिएको थियो । नेकपा नेता तथा स्थानीय जनप्रतिधीहरूले उल्लासपूर्ण तरिकाले दिप प्रज्वलन गर्दै खुशी व्यक्त गरेका छन् ।

# सर्वोच्च अदालतको ऐतिहासिक फैसलाको पूणपाठ

सर्वोच्च अदालत, संवैधानिक इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
संक्षिप्त आदेश

विषय :उत्प्रेषण परमादेश।

०७७-WC-००२८

काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा .वडा नं. बस्ने अधिवक्ता सन्तोष भण्डारी .....१
काठमाडौं जिल्ला टोखा न.पा .वडा नं. ९ वस्ने अधिवक्ता नवराज पाण्डे..............१
काठमाडौं जिल्ला कागेश्वरी मनहरा न.पा .वडा नं.६ बस्ने अधिवक्ता सुजन नेपाल.१ निवेदक
ललितपुर जिल्ला गोदावरी न.पा .वडा नं.१ बस्ने अधिवक्ता सुजिन्द्र सुबेदी......... १
काठमाडौं जिल्ला का.म.न.पा वडा नं.३० बस्ने अधिवक्ता बिरभद्र जोशी........... १
काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा.वडा न .९ बस्ने प्रकृति खड्का.................. १
कास्की जिल्ला रुपा गा.पा. वडा नं. ५ बस्ने गोविन्दराज बसौला ....................१

०७७-WC-००३१

भक्तपुर जिल्ला दधिकोट गा.वि.स .वडा नं .५ बस्ने कंचनकृष्ण न्यौपाने...............१ निवेदक

०७७-WC-००३२

जिल्ला झापा बाह्रदशी गा.पा .वडा नं .५ घर भई हाल का.जि.का.म.न.पा .वडा नं.२९ बस्ने समृत खरेल........................................................... १ निवेदक
जिल्ला रुपन्देही बुटवल उ.म.न.पा .वडा नं .१६ घर भई हाल का.जि.का.म.न.पा.वडा नं .२९ बस्ने सुलभ खरेल..................................... १

०७७-WC-००३३

रामेछाप जिल्ला साविक पुरानागाउ - ५ हाल परिवर्तित मन्थली न.पा-.९ निवासी अधिवक्ता ज्ञानेन्द्रराज आरण............................................... १ निवेदक
कालिकोट जिल्ला साविक ओदानकु - ५ हाल महावै गा.पा- .३ निवासी शिक्षक सर्पराज सिंह....................................................................... १

०७७-WC-००३४

जिल्ला बाँके नेपालगञ्ज उ.म.न.पा .वडा नं .९ घर भई हाल का.जि.का.म.न.पा वडा नं .११ बस्ने अधिवक्ता शालिकराम सापकोटा..................................... १
जिल्ला चितवन भरतपुर म.न.पा .वडा नं .७ बस्ने अधिवक्ता सरिता तिवारी.......... १ निवेदक
जिल्ला स्याङ्जा .गल्याङ न.पा .वडा नं .९ घर भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा .वडा नं .२ बस्ने अंकित अर्याल........................................... १

०७७-WC-००३५

काठमाडौं जिल्ला का.म.न.पा.वडा नं .३१ बस्ने वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी.. १ निवेदक

०७७-WC-००३६

काठमाडौं जिल्ला का.म.न.पा.वडा नं .२९ बस्ने अधिवक्ता दीपक राई................ १
काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.११ बस्ने अधिवक्ता वीरेन्द्रकुमार ठाकुर....... १ निवेदक
काठमाडौं जिल्ला टोखा न.पा.वडा नं.११ बस्ने अधिवक्ता नारायण खरेल............. १
काठमाडौं जिल्ला किर्तिपुर न.पा.वडा नं .६ बस्ने अधिवक्ता कृष्णप्रसाद शर्मा........ १

०७७-WC-००३७

जिल्ला ललितपुर ललितपुर म.न.पा .वडा नं १४ बस्ने जिल्ला लमजुङबाट प्रतिनिधि सभामा निर्वाचित सदस्य एवं नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा) संसदीय दलका प्रमुख सचेतक देवप्रसाद गुरूङ.............................................................. १ निवेदक
जिल्ला चितवन भरतपुर म.न.पा.वडा नं.१० बस्ने जिल्ला चितवन क्षेत्र नं.२ बाट प्रतिनिधि सभामा निर्वाचित सदस्य कृष्णभक्त पोखेल.................................. १
जिल्ला काठमाडौं काठमाडौं म.न.पा.वडा नं .३२ बस्ने प्रतिनिधि सभामा निर्वाचित सदस्य शशी श्रेष्ठ...................................................................... १
जिल्ला काठमाडौं काठमाडौं म.न.पा .वडा नं .३१ बस्ने हाल प्रतिनिधि सभामा निर्वाचित सदस्य रामकुमारी झाक्री.................................................. १

०७७-WC-००३८

जिल्ला काठमाडौं नागार्जुन न.पा .वडा नं .२ ठुलो भर याङ बस्ने अधिवक्ता अमिता गौतम पौडेल..................................................................... १ निवेदक
ऐ.ऐ .बस्ने अधिवक्ता किर्तिनाथ शर्मा पौडेल............................................ १

०७७-WC-००३९

जिल्ला दाङ, तुलसीपुर उ.म.न.पा.१३ फूलवारी घर भई हाल का.जि.का.म.न.पा . माइतीघर.बस्ने अधिवक्ता लोकेन्द्रबहादुर ओली ..........................................१ निवेदक
जिल्ला प्यूठान, प्यूठान न.पा.१० घर भई हाल का.जि.. का.म.न.पा माइतीघर बस्ने अधिवक्ता केशरजंग केसी....................................................................१

०७७-WC-००४०

जिल्ला सुर्खेत पञ्चपुरी न.पा..वडा नं .४ बस्ने अधिवक्ता कलमबहादुर खत्री...... १

०७७-WC-००४१

जिल्ला काठमाडौं का.म.न.पा.वडा नं .११ बबरमहलमा लिगल इनोभेशन एण्ड रिसर्च सेन्टरका संस्थापक अधिवक्ता मनिराम उपाध्याय................................ १ निवेदक

०७७-WC-००४२

जिल्ला धादिङ त्रिपुरासुन्दरी गाउँपालिका वडा नं .०४ आँटीगाउँ वतन भै हाल अधिवक्ता तुलसी सिखंडा................................................................ १ निवेदक

विरूद्ध

राष्ट्रपतिको कार्यालय, शितल निवास काठमाडौं....................................... १
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार काठमाडौं.................. १
सम्माननीय प्रधानमन्त्री श्री के.पी. ओली............................................. १ प्रत्यर्थी
सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटा, प्रतिनिधि सभा संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं...................................................... १
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरवार काठमाडौं............ १
रक्षा मन्त्रालय सिंहदरवार काठमाडौं..................................................... १
गृह मन्त्रालय सिंहदरवार काठमाडौं...................................................... १
निर्वाचन आयोग नेपाल, बहादुर भवन कान्तिपथ काठमाडौं........................ १

यस इजलासमा विचाराधीन रहेको प्रस्तुत विवादमा निवेदन व्यहोरा, लिखित जवाफ, निवेदकहरु तथा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित भई बहस गर्नुहुने एवं अदालतको सहयोगीको रुपमा उपस्थित हुनु भएका विद्वान कानून व्यवसायीहरुले प्रस्तुत गर्नु भएको बहसजिकीर, बहसनोट समेतलाई दृष्टिगत् गर्दा प्रस्तुत विवादको निरुपणमा मुख्यतः निम्नलिखित प्रश्नमा निर्णय दिनुपर्ने देखिन आएको छः-

१. प्रतिनिधि सभा विघटनको लागि सम्माननीय प्रधानमन्त्रीले पेश गर्नुभएको सिफारिसका आधारमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटन भएको प्रश्नमा राजनीतिक विषयवस्तु समावेश भएको भन्ने कारणले प्रस्तुत विवाद यस अदालतले न्यायनिरोपण गर्न मिल्ने प्रकृतिको हो वा होइन?
२. संसदीय प्रणालीको आधारभुत मर्म एवं मूल्यमान्यता तथा आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यास बमोजिम प्रतिनिधि सभा विघटन गर्नु नेपालको संविधानसम्मत हुन्छ वा हुदैन?
३. नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ प्रयोग गरी प्रतिनिधि सभा विघटन गर्नु संविधानसम्मत हुने हो वा होइन?
४. सम्माननीय प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटनको सिफ़ारिस दुराशययुक्त छ वा छैन?
५. रिट निवेदनको माँग अनुसार आदेश जारी गर्नु पर्ने वा नपर्ने के हो?

निवेदकहरूको निवेदन व्यहोरा हेर्दा सम्माननीय प्रधानमन्त्री नेपालको संविधान (यस उप्रान्त "संविधान" भनी सम्बोधन गरिएको) को धारा ७६ को उपधारा (१) अन्तर्गतको प्रधानमन्त्री भएको, उक्त धारा अनुसार नियुक्त भएका प्रधानमन्त्रीले संविधानको धारा ७६(७) को अधिकार प्रयोग गर्न नसक्ने, धारा ८५ को व्यवस्थाले विघटन गर्ने अधिकार श्रृजना नगर्ने, प्रधानमन्त्रीको सुविधा वा असुविधाको आधारमा प्रतिनिधि सभा विघटन गर्न पाउने स्वविवेकिय अधिकार यो संविधान बमोजिम प्राप्त गर्न नसक्ने, हाम्रो विशिष्ट प्रकृतिको संसदीय व्यवस्था भएको मुलुकका लागि परम्परागत संसदीय व्यवस्था भएको मुलुकको दृष्टान्त अनुकरणीय हुन नसक्ने भएकोले संविधानमा नै नभएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा विघटन गर्ने सिफारिस गैर संवैधानिक भएको हुँदा सम्माननीय प्रधानमन्त्रीले मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटन गर्नुभएको सिफारिस र सो सिफारिसको आधारमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७।९।५ गते प्रतिनिधि सभा विघटन गर्ने गरी भएका सम्पूर्ण कार्यहरू नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी प्रतिनिधि सभाले गर्नु पर्ने कामहरू सम्पादन गर्न आवश्यक र उपयुक्त आदेश गरी पाँउ भन्ने निवेदकको माग दावी रहेको देखिन्छ।

प्रत्यर्थीहरु मध्यका सम्माननीय प्रधानमन्त्रीले प्रस्तुत गर्नु भएको लिखितजवाफ हेर्दा मुलुकको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको, संविधानको धारा ७४ मा संसदीय शासन प्रणाली अवलम्बन गरी सो प्रणालीका विशेषतालाई स्वीकार गरीएको, प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने अधिकार संसदीय प्रणालीको अन्तर्निहित मुल्य र आधारभुत मान्यता भित्र पर्ने, धारा ८५ ले प्रतिनिधि सभाको कार्यकाल समाप्त हुनु अगावै विघटन हुनसक्ने अवस्था स्वीकार गरेको, प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनका लागि सिफारिस गर्न नपाउने भनी संविधानले कतै व्यक्त वा अव्यक्तरुपमा रोकेको अवस्था नभएको, धारा ७५ ले प्रदान गरेको कार्यकारिणी अधिकारमा यस विषयमा कुनै सीमा निर्धारण नगरिएको, धारा ७६ को उपधारा (१) बमोजिम मेरो नेतृत्वमा सरकार सञ्चालन भई रहेकोमा धारा ७६ को उपधारा (७) ले वैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा प्रतिनिधि सभा विघटन हुन सक्ने परिकल्पना गरेको र प्रस्तुत विषयवस्तु राजनीतिक भएकोले अदालत प्रवेश गर्न नमिल्ने हुँदा उक्त संवैधानिक व्यवस्था संसदीय शासन प्रणालीको आधारभुत मान्यता र संसदीय प्रणाली अवलम्वन गर्ने मुलुकहरूका अभ्यास समेतका आधारमा

सिंहदरवार, सम्माननीय प्रधानमन्त्री के.पी. ओली, सम्माननीय सभामूख अग्नी प्रसाद सापकोटा, प्रतिनिधि सभाका नाममा परमादेश समेत जारी गरिएको छ ।

यो आदेशको पालना तत्काल कार्यान्वयन गरिनुपर्ने प्रकृतिको रहेको र आदेशको पूर्णपाठ तैयार हुन समय लाग्ने भएकोले यो संक्षिप्त आदेश जारी गरिएको छ। आदेशको जानकारी सम्बन्धित पक्षहरुलाई तत्काल गराइदिनु ।

न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश प्रधान न्यायाधीश

इति सम्वत् २०७७ साल फागुण ११ गते रोज ३ शुभम् ।

प्रतिनिधि सभा विघटनको सिफारिस संविधान सम्मत भएको हुदाँ रिट निवेदन खारेज गरी पाँउ भन्ने समेत व्यहोरा उल्लेख भएको पाइन्छ।

उपर्युक्त निवेदनहरुको माँग र लिखित जवाफहरुको जिकीरहरु लगायत नेपालको संवैधानिक व्यवस्था, प्रतिपादित नजीर तथा बाहिरका संवैधानिक अभ्यासहरु समेतका आधारमा विचार गर्दा निम्नानुसारका अवस्थाहरु देखियोः-

(१) प्रत्यर्थीहरुले प्रारम्भिक रुपमै यो राजनीतिक विषयवस्तु समावेश भएको विवाद हुँदा यस अदालतबाट न्याय निरोपण योग्य होइन भन्ने प्रश्न उठाउनु भएको छ। सो तर्फ विचार गर्दा संविधानमा न्यायिक निरुपणको विषय हुदैन भनी प्रष्ट शब्दमा अन्यथा व्यवस्था गरेको विषयका कुरामा वाहेक संविधानमा रहेका कुनै प्रावधानको प्रयोग र व्याख्या सम्वन्धी प्रश्न उठाई अदालतमा प्रवेश गरिएको अवस्थामा त्यस प्रकारका प्रश्नहरूको निरुपण गर्नु यस अदालतको कर्तव्य नै बन्दछ। केवल राजनीतिक महत्त्व वा राजनीतिक क्रियाकलाप भन्ने जस्ता कुराको आवरणमा संविधानद्वारा निर्धारित सीमा वा परिधि नाघेको भनी उठाएको प्रश्नहरूको निरुपण गर्न पन्छिने हो भने यस इजलासले संविधान प्रदत्त जिम्मेवारी पुरा नगरेको अवस्था सृजना हुन जान्छ। संविधानको धारा ७६ को उपधारा (१) र (७) र धारा ८५ प्रयोग गरी गरिएको प्रतिनिधि सभा विघटनको निर्णय संविधान सम्मत हुन्छ वा हुदैन भन्ने जस्ता विशुद्ध संवैधानिक प्रश्नहरु प्रस्तुत विवादमा देखिएको र गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको ती विषयहरूको निरुपण नेपालको संविधानको धारा १३७ को उपधारा (३) बमोजिम यस अदालतको संवैधानिक इजलासले नै हेर्नुपर्ने संवैधानिक दायित्व रहेको कारण प्रस्तुत विवादका प्रश्नहरु न्यायिक निरुपण योग्य रहेको देखिदा राजनीतिक विषयवस्तु वा प्रश्न मात्र सन्निहित रहेको भन्ने तर्क स्वीकार गर्न सकिएन। नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएपछि पटक पटक प्रतिनिधि सभा विघटन भएकोमा यस अदालतबाट तत्कालिन संवैधानिक व्यवस्थाहरुको आधारमा निवेदक हरिप्रसाद नेपाल समेत वि. सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला समेत (२०५१ सालको रिट नं. २३०४), अधिवक्ता रविराज भण्डारी समेत वि. सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारी समेत (२०५२ सालको रिट नं. ३१०५), अधिवक्ता श्यामकुमार खत्री समेत वि. सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवा समेत (२०५९ सालको रिट नं. ३५४२) भएका निवेदनहरुमा विघटन सम्बन्धी विवाद अदालतबाट न्यायनिरुपण योग्य संवैधानिक एवं कानूनी प्रश्नको रुपमा स्विकार गरी सकिएको समेत कारणबाट प्रस्तुत विवादको प्रश्न यस इजलासको अधिकारक्षेत्र भित्र नै रहेको देखियो ।

(२) संसदीय प्रणालीका आधारभूत मर्म एवं मुल्य मान्यता र सो प्रणाली अवलम्वन गर्ने विभिन्न मुलुकको अभ्यासलाई आधार लिई प्रतिनिधि सभा विघटन गर्नु संविधान सम्मत हुने हो वा होइन भन्ने दोश्रो प्रश्नतर्फ विचार गर्दा संविधानको धारा ७४ ले नेपालको शासकीय स्वरुप संसदीय शासन प्रणालीमा आधारित भएकोबाटै प्रधानमन्त्रीलाई विघटनको अन्तर्निहित अधिकार रहेको भन्ने प्रत्यर्थी सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको लिखितजवाफ रहेको छ ।उक्त धारा ७४ ले नेपालको शासकीय स्वरुप परम्परागत् संसदीय शासन प्रणालीमा मात्र सिमित नराखी "बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली" हुने भन्ने उल्लेख गरेबाट ती शब्दावलीहरुलाई सम्पूर्णतामा हेर्नु पर्ने हुन्छ । फेरी यो धारा आफैमा कार्यात्मक धारा भन्ने देखिदैन । संविधानको प्रस्तावनाको प्रारम्भ मै "हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता" भन्ने वाक्यांशबाट शुरु भई धारा २ मा "नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहीत रहेको र यस्को प्रयोग यस संविधानमा व्यवस्था भए बमोजिम हुनेछ" भन्ने उल्लेखन्, धारा ८४ मा प्रतिनिधि सभा र धारा ८६ मा राष्ट्रिय सभाको गठनका सन्दर्भमा गरिएका निर्वाचन र मनोनयन प्रणाली, मतदान, उम्मेदवारी र सहभागीता समेतलाई समष्टिमा हेर्दा यो संविधान परम्परागत संसदीय प्रणालीको प्रतिबिम्ब नभई संविधानसभाहरुको लामो प्रयत्न पश्चात आएको दस्तावेज हो। त्यसै गरी धारा ७६ मा मन्त्रिपरिषदको संख्या वा कायम गरिनु पर्ने समावेसिताको सिद्धान्त, धारा ७६ को उपधारा (५) मा प्रतिनिधि सभाको कुनै सदस्य पनि प्रधानमन्त्री नियुक्त हुन सक्ने व्यवस्था, धारा १०० को उपधारा (४) को प्रतिवन्धात्मक वाक्यांशमा उल्लिखित अविश्वासको प्रस्ताव पेश गर्न नपाउने अवधि तथा धारा २९२ को संसदीय सुनुवाईको व्यवस्थाहरूलाई समग्रतामा हेर्दा हाम्रो शासकीय स्वरुप संसदीय प्रणाली हुँदा हुदै पनि आफ्नै अनुभवले खारिएको र आवश्यकताद्वारा अनुप्राणित विशिष्ट किसिमको छ। संसदीय प्रणालीका अर्न्तभुत विशेषताहरू भन्दा फरक ढङ्गको आफ्नै मौलिकताबाट श्रृजना गरिएका संवैधानिक व्यवस्थाहरूको संरचनाबाट अनुप्राणित रहेको हुँदा यस संविधानमा परम्परागत संसदीय शासन प्रणालीका सबै गुणहरू स्वतः समाहित छैनन्। यिनै कुराहरूको सन्दर्भ र सापेक्षतामा यो संविधानले अङ्गिकार गरेको दर्शनलाई मनन् गर्दै संसदीय शासन प्रणालीका परम्परागत मुल्य मान्यता तथा अभ्यासको कुरालाई हेरिनु वाञ्छनिय हुन्छ। परम्परागत संसदीय प्रणाली अपनाएका मुलुकहरूमा पनि संसद विघटन गर्ने कार्यलाई निरुत्साहित गर्ने तर्फ तथा उत्तरदायी सिमित सरकारको अवधारणा तर्फ उन्मुख हुदैं गएको पाइन्छ।

साविक नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३(४) को प्रावधान अनुसार विगतमा भएका प्रतिनिधि सभा विघटन गर्ने सम्बन्धी अभ्यासहरुबाट सिकिएका पाठहरु समेत मनन् गर्दै वर्तमान संविधानका निर्माताहरूले प्रतिनिधि सभा विघटन सम्बन्धी व्यवस्थालाई संविधानमा निशर्त रुपमा खुला छोडेको पाइदैन । संविधानमा रहेका सीमा बन्देज अनुसारको कारण आइपरेको अवस्थामा वाहेक संसदीय प्रणालीको आधारभूत मुल्य, मान्यता तथा अभ्यासको आधार ग्रहण गरी अन्य विकल्प हुँदा हुँदै कसैको इच्छा वा आत्मनिष्ठरुपमा देखेको आवश्यक्ताका आधारमा आवधिक चुनाव वाहेकको अवस्थामा जनतालाई समेत आर्थिक दायित्व पर्ने गरी प्रतिनिधि सभा विघटन गरिनु संविधानको मर्म र उद्देश्य नहुँदा त्यस्तो कार्य संविधान सम्मत हुदैन।

(३) नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ बमोजिम प्रतिनिधि सभा विघटन गर्नु संविधान अनुकुल छ वा छैन भन्ने तेश्रो प्रश्नका सम्बन्धमा विचार गर्दा सर्वप्रथम संविधानमा रहेका प्रावधानहरुको व्याख्या कसरी हुन्छ भन्ने संवैधानिक व्यवस्था तर्फ विचार गर्नु आवश्यक छ।संवैधानिक

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ । प्रेम र मित्रताको बन्धनमा रमाउने समय पनि छ ।

**वृष** :- आज चिताएको कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ ।

**मिथुन**:- आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । नोकरी गर्नेले मानसम्मान पाउने छन् । छोटो यात्राको सम्भावना पनि रहेको छ ।

**कर्कट** :- आज अध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । आजको दिन हँसखेल र मनोरञ्जनपूर्ण समय हो । पारिवारिक सुख पनि मिल्नेछ ।

**सिंह**:- विचार पुर्याएर निर्णय लिनु राम्रो होला । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । दाम्पत्य जीवनमा एक किसिमको निरसता आउन सक्छ ।

**कन्या** :- शुभारम्भको चर्चा चल्नेछ । भौतिक साधन जुटाउने समय छ । व्यवसायको सन्दर्भमा रमाइलो यात्रा होला । अतिथिको रुपमा सत्कार पाइएला ।

**तुला** :- अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ ।

**वृश्चिक** :- विवाद र प्रतिस्पर्धामा सफलता मिल्नेछ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ । आधुरा कामसमेत सम्पादन हुनसक्छ ।

**धनु** :- अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ ।

**मकर**:- आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । जग्गाजमिनको कारोबारबाट राम्रो फाइदा हुनेछ । न्यायिक कार्यमा सफलता मिल्न सक्छ ।

**कुम्भ**:- दबाब र तनाव बढेको महसुस हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । सन्तानपक्षको मायामा कमी आउनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

**मिन** :- आज रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । लामो समयदेखि रोकिएका अधुरा कामहरु पूरा हुनेछन् ।

व्याख्याको सम्बन्धमा फरक फरक प्रकृतिका अवधारणा, सिद्धान्त तथा विज्ञहरुको राय रहेको अवस्थामा सर्वप्रथम आफ्नै संवैधानिक र कानूनी व्यवस्थाको विवेचना गर्नु आवस्यक हुन्छ । संविधानले व्याख्याको आवस्यकता पर्न सक्ने परिकल्पना गरेकै कारण धारा ३०६ को उपधारा (२) मा "विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरुको अधीनमा रही कानूनको व्याख्या सम्बन्धी कानूनी व्यवस्था नेपाल कानूनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ" भन्ने उल्लेखनबाट कानून व्याख्या सम्बन्धी प्रचलित कानून तथा यस अदालतबाट विभिन्न समयमा कानूनको व्याख्या सम्बन्धमा कायम भएका नजीरहरुको आधारमा संवैधानिक व्यवस्थाको पनि व्याख्या हुनुपर्ने प्रष्ट छ । यस परिप्रेक्षबाट संविधानको धारा ७६ को उपधारा (१),(२),(३) र (५) लाई दृष्टिगत गर्दा प्रतिनिधि सभा निर्वाचनको परिणाम घोषणा पछि प्रधानमन्त्री नियुक्ती सम्बन्धमा पहिलो चरणमा बहुमत प्राप्त संसदीय दलको नेता स्वत: नै सम्माननीय राष्ट्रपतिबाट प्रधानमन्त्री नियुक्त हुने सम्बन्धमा दुविधा देखिंदैन। सार्वभौमसत्तासम्पन्न जनता समक्ष आफू जनताको प्रतिनिधित्व गर्दै सरकार बनाउने प्रतिबद्धता साथ चुनावमा भाग लिई जनप्रतिनिधीको रुपमा चुनिएर जाँदा त्यस्ता जनप्रतिनिधिहरुको दलले संसदमा बहुमत प्राप्त गरेको अवस्थामा त्यस्तो बहुमत प्राप्त संसदीय दलको नेतासंग सरकार बनाउने र राज्य संचालन गर्ने बाहेक अन्य कुनै संवैधानिक विकल्प नै रहदैन। चुनावमा जनताबाट बहुमत प्राप्त गरेपछि संसदीय दलको नेता चयन गरी प्रधानमन्त्री दिनु, त्यस्तो संसदीय दल र दलका प्रत्येक निर्वाचित जनप्रतिनिधिको संवैधानिक कर्तव्य नै हुन जान्छ भने संसदीय दलको नेताको हैसियतले नियुक्त भएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद संसदप्रति उत्तरदायी भई तथा राज्य संचालन गर्नु संवैधानिक नैतिकताको विषय पनि हो । त्यस प्रकारको अवस्था नभई प्रतिनिधि सभामा कुनै दलको स्पष्ट बहुमत नरहेको अवस्थामा अर्थात दोस्रो चरणमा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई सम्माननीय राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नु पर्ने हुन्छ। यसरी पनि प्रधानमन्त्री नियुक्त हुने अवस्था नभएमा वा नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त

गर्न नसकेमा तेस्रो चरणमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबै भन्दा बढी सदस्यहरु भएका दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ। यसरी नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा चौथो चरणमा प्रतिनिधि सभाका कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्नुपर्ने हुन्छ। यसरी क्रमबद्ध रुपमा धारा ७६ को उपधारा (२),(३) र (५) का विकल्पहरु हेर्दै जाँदा दुई वा सो भन्दा बढी दलहरु बीच एकिकरण भई धारा ७६ को उपधारा (१) को प्रयोजनार्थ संसदभित्र बहुमतप्राप्त भएको देखिने दल सिर्जना भएमा वा पछिल्लो चरणमा दुई वा सो भन्दा बढी दलहरुबाट सरकार गठन हुन सक्ने नयाँ समिकरण सिर्जना भएमा पनि त्यस्तो सरकार बनाउने विकल्प प्रतिनिधीसभा भित्रै खोज्नु पर्ने उक्त धारा ७६ को समष्टिगत उद्देश्य र मनशाय रहेको देखिन्छ ।

उक्त धारा ७६ को उपधारा (१),(२),(३) र (५) को समग्र बनोटलाई हेर्दा प्रधानमन्त्री नियुक्तिमा एक पछि अर्को प्रक्रिया अभ्यासगत रुपमा प्रतिनिधि सभा भित्र क्रियान्वयन हुदै गई प्रधानमन्त्री नियुक्त हुन नसकेको वा विश्वासको मत प्राप्त गर्न नसकेको अवस्था सिर्जना भएमा त्यस्तो बाध्यात्मक अवस्थामा मात्र धारा ७६ को उपधारा (७) बमोजिम तत्काल बहाल रहेका प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन हुने संवैधानिक व्यवस्था रहेको देखिन्छ। यस बाहेक प्रतिनिधि सभामा कुनै दलको बहुमत रहेको र धारा ७६ को उपधारा (१) बमोजिमको सरकार बन्न सक्ने टड्कारो अवस्थामा धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन हुन सक्छ वा सक्दैन भन्ने पनि प्रश्न पनि सृजना हुन सक्छ । प्रतिनिधि सभामा बहुमत प्राप्त दलले आफ्नो नेताको चुनाव गर्छ र स्वत: नै नीजलाई राष्ट्रपतिबाट प्रधानमन्त्री नियुक्त गरिन्छ भन्ने विश्वास गर्नु सामान्य समझको कुरा हो ।

प्रस्तुत विवादमा प्रकट भएका वस्तुतथ्य सन्दर्भमा हेर्दा चुनाव पश्चात शुरुमा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिको कार्यालयको मिति २०७४।११।३ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम नेपालको संविधानको धारा ७६ को उपधारा (२) अनुसारको सरकार गठन गर्न प्रधानमन्त्री नियुक्त गरिएको देखिएतापनि मिति २०७५।२।३ मा दुई पार्टी एकिकरण भई मिति २०७५।२।५ मा सम्माननीय प्रधानमन्त्री संयुक्त संसदीय दलको नेता चुनिनु भएपछि उहाँको हैसियत धारा ७६ को उपधारा (१) बमोजिमको बहुमत प्राप्त प्रधानमन्त्रीको रुपमा परिवर्तन भएको तथ्यगत् रुपमा देखिएको छ। निवेदकहरुले उहाँको हैसियत धारा ७६ को उपधारा (१) बमोजिमको प्रधानमन्त्रीको रुपमा परिवर्तन भएको बारे नेपाल राजपत्रमा सूचना प्रकाशित नभएको भन्ने प्रश्न उठाएपनि प्रस्तुत विवादमा सम्माननीय प्रधानमन्त्रीलाई आफ्नै सत्तारुढ दलका केही सदस्यहरुले असहयोग गरेको कारण प्रतिनिधि सभा विघटन गर्नु परेको भन्ने उहाँको लिखितजवाफमा रहेको र विघटनको सिफारिस गर्दा प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेताको हैसियत कायमै रहेको अवस्था हुँदा त्यसतर्फ प्रवेश गर्नु भन्दा धारा ७६ को उपधारा (१) बमोजिम हैसियत राख्ने प्रधानमन्त्रीलाई धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन गर्ने अधिकार रहे नरहेको तर्फ नै केन्द्रित हुनु आवस्यक देखियो। जनताले चुनाव मार्फत संसद दिन्छ, संसदले नै सरकार दिन्छ भन्ने मान्यतामा संसदीय व्यवस्था चलेको हुन्छ। संविधान निर्माताले आफ्नै देशका विगतका संवैधानिक अभ्यासहरु समेतलाई मध्यनजर राखि संसदले सरकार दिन सक्ने अवस्था र विकल्प कायम रहेसम्म प्रतिनिधि सभामा बहुमत कायम रहेको संसदीय दलको नेतालाई नेपालको संविधानले धारा ७६ को उपधारा (७) मा उल्लिखित प्रावधानहरूको अभ्यास गर्नु पर्ने अवस्थाको परिकल्पना गरेको देखिंदैन ।

अर्कोतर्फ, प्रतिनिधि सभाको कार्यकाल सम्बन्धमा संविधानको धारा ८५ को उपधारा (१) मा "यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुने छ" भन्ने व्यवस्था रहेको र उक्त धारा ८५ को उपधारा (१) को सन्दर्भ धारा ७६ को उपधारा (७) मा मात्र सिमित नगरी "यस संविधान बमोजिम" भन्ने शब्दावली परेको कारण धारा ७४ मा उल्लिखित संसदीय शासन प्रणालीको आधारभूत मूल्य र मान्यता बमोजिम सम्माननीय प्रधानमन्त्रीलाई संसद विघटनको असिमित अधिकार रहेकोले प्रतिनिधि सभा विघटनको लागि धारा ८५ र ७४ आफैमा क्रियाशील धारा भएको भन्ने जिकीरहरु तर्फ समेत विवेचना गर्नु पर्ने देखिन्छ । माथी उल्लेख भए बमोजिम यो संविधान परम्परागत संसदीय प्रणालीको

प्रतिविम्ब नभई विगतका अनुभवहरुलाई समेत मध्यनजर गर्दै संविधानसभाहरुको लामो प्रयत्न पश्चात सहमतिय आधारबाट अन्तिमता प्रदान भएको दस्तावेज रहेको र संवैधानिक सर्वोच्चतालाई अँगिकार गरेको सम्बन्धमा विवाद नहुँदा प्रतिनिधि सभा विघटनका सम्बन्धमा संविधानमा शाब्दिकरुपमा व्यक्त अवस्था परिस्थिति र अधिकार बाहेक अव्यक्त अधिकार पनि रहेको भन्ने दावी स्विकारयोग्य देखिदैन । संसदले प्रधानमन्त्री दिने र संसदले दिएको प्रधानमन्त्री सोही संसदप्रति उत्तरदायी हुने व्यवस्था धारा ७६ मा रहेबाट सिमित सरकारको अवधारणा अँगिकार गरेको यस संविधानले प्रतिनिधि सभा विघटनको केही पूर्वावस्थालाई लिखित रुपमा राखेको र अन्य अवधारणागत् अधिकारलाई मौन वा सुषुप्त रुपमा क्रियाशील राखेको अनुमान गर्न सकिदैन। त्यसैले धारा ८५(१) मा "यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक" भन्ने वाक्यांशले प्रतिनिधि सभा निर्वाचन पश्चात धारा ७६ को उपधारा (१), (२), (३) र (५) बमोजिम प्रधानमन्त्री नियुक्त हुन नसकेपछि वा नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेपछि प्रतिनिधि सभाका अरु कुनै सदस्य प्रधानमन्त्री नियुक्त हुने विकल्प समाप्त भएपश्चात धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन हुने संवैधानिक प्रावधान रहेको भन्ने अर्थमा नै वुझाउछ। प्रतिनिधि सभाको कार्यकाल निर्धारण गर्ने प्रयोजनार्थ रहेको धारा ८५ को उपधारा (१) प्रतिनिधि सभा विघटन गर्ने अधिकार सृजना गर्ने स्वतन्त्र धाराको रुपमा रहेको भन्ने तर्क स्विकार गर्न सकिदैन। संविधानको धारा ७५ को उपधारा (१) मा नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून बमोजिम मन्त्रिपरिषदमा निहित रहने र उपधारा (२) मा यो संविधान र कानूनको अधीनमा रही नेपालको शासन सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषदमा हुने व्यवस्था रहेको छ । धारा ७५ को उपधारा (२) मा प्रयुक्त "यो संविधान र कानून को अधीनमा रही" भन्ने उल्लेखनले कार्यकारिणी अधिकारको प्रयोग यहि संविधान र कानूनको अधीनमा रहेर गर्नुपर्ने सम्बन्धमा विवाद हुन सक्दैन। प्रतिनिधि सभा विघटन सम्बन्धमा पनि संविधानले प्रदान गरेको अधिकार र निर्धारण गरेका सीमा बन्देजलाई अनिवार्य रूपमा पालना गरीनु पर्दछ। लिखित संविधानको लक्ष्य सीमित सरकार हुन्छ र हरेक अङ्गको अधिकारको सीमा रेखा संविधानले कोरेको हुन्छ। संविधानवाद सम्बन्धी अवधारणाले सरकारको शक्तिमा सीमितता, राज्यशक्तिको विभिन्न अँगमा शक्ति र

अधिकार समेतको पृथकीकरण र जनताप्रति उत्तरदायी सरकार सञ्चालन सम्बन्धि मान्यतालाई आत्मसात गरेको हुन्छ। राज्यको सबै अङ्गको अधिकारको सिमारेखा संविधानबाट नै निर्धारित गरी शक्ति सन्तुलनको पालनमा प्रभावकारी बनाउनु नै लिखित संविधानको गुण हो।

त्यस्तै धारा ५८ को अवशिष्ट अधिकार संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको बाँडफाँड सम्बन्धी प्रावधानसंग सम्बन्धित रहेको पाइन्छ। संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुने व्यवस्था हुँदा प्रतिनिधि सभा विघटन धारा ५८ को अवशिष्ट अधिकारको सन्दर्भमा प्रयोग हुने व्यवस्था होइन। धारा ३०६ को उपधारा (१) को खण्ड (ज) मा "राज्यशक्ति" को परिभाषामा उल्लेख भएको अवशिष्ट अधिकारले धारा ५८ लाई समेत संकेत गरेको छ। संघ प्रदेश र स्थानिय तह बीचको अधिकारको विभाजनमा शुन्यताको अवस्था भएमा मात्र यो धारा ५८ क्रियाशील हुने देखिन्छ । उक्त धाराहरुमा प्रतिनिधि सभा विघटन गर्ने प्रधानमन्त्रीको अधिकार श्रृजना गर्ने प्रावधान नदेखिएबाट उक्त धाराहरुको आवरणमा प्रतिनिधि सभा विघटनको सिफारिसलाई संवैधानिक रहेको भनी पुष्टी गर्ने संविधानसम्मत आधार नदेखिएको र माथी विवेचना गरिएको कारण र आधारहरुबाट धारा ७६ को उपधारा (१) बमोजिम प्रतिनिधि सभामा बहुमतप्राप्त नेताको हैसियतमा रहनु भएका सम्माननीय प्रधानमन्त्रीलाई धारा ७६ को उपधारा (७) को पूर्वशर्तहरु आकर्षित हुने अवस्था नै नरहने हुँदा उक्त धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटनको सिफारिस गर्न पाउने संवैधानिक अधिकार रहेको पाइएन।

(४) अब, प्रतिनिधि सभा विघटनको सिफारिस दुराशययुक्त छ वा छैन भन्ने चौथो प्रश्नका सम्बन्धमा विचार गर्दा जनताले चुनाव मार्फत प्रतिनिधि सभाको लागि दलहरु मार्फत वा स्वतन्त्र सांसद समेत दिईसकेको अवस्था रहेकोमा संसदले प्रधानमन्त्री समेत दिई मन्त्रिपरिषदको गठन भए पश्चात दलको आन्तरिक विवादको कारण सरकार संचालन असहज भएको एवं अपेक्षा अनुसार काम गर्न नसकेको भन्ने लिखित जवाफहरुबाट देखिन्छ । राजनीतिक दलको आन्तरिक विवाद प्रचलित ऐन र दलको विधान बमोजिम समाधान गर्नु सम्बन्धित दलका प्रत्येक सदस्यको

कर्तव्यको विषय भई संसदीय दलको नेता माथी विश्वासको मत यथावत रहेको वा अविश्वास रहेको कारण संसदीय दलको नेता परिवर्तन हुने भन्ने सम्बन्धमा विधान बमोजिम प्राप्त उपचारको मार्ग अवलम्बन गरि निकास प्रदान गरिने नै हुँदा र संविधानले किटान गरेको पूर्वावस्थाको अभावमा प्रतिनिधि सभा विघटनको सिफारिस संविधान प्रतिकूल भएको माथि विवेचना भईसकेकोले यस पृष्टभूमीमा प्रतिनिधि सभा विघटन दुराशययुक्त हो वा होइन भन्ने तर्फ तत्काल प्रवेश गर्नु उपयुक्त देखिएन ।

५। अब, रिट निवेदनको माँग अनुसार आदेश जारी गर्नु पर्ने वा नपर्ने के हो भन्ने पाँचौ प्रश्नका सम्बन्धमा विचार गर्दा संघीय संसदको प्रतिनिधि सभाको विघटनको लागि नेपालको संविधानले निर्दिष्ट गरेका निश्चित पूर्वावस्थाहरुको अभावमा तथा संविधानको आधारभूत मर्म, मूल्य र मान्यता प्रतिकूल सम्माननीय प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा (१) र (७), धारा ८५ तथा संसदीय प्रणालीको आधारभूत मर्म एवं मुल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यास बमोजिम भनी संघिय संसदको वर्तमान प्रतिनिधि सभा विघटनका लागि सम्माननीय राष्ट्रपति समक्ष गर्नु भएको मिति २०७७।९।५ को सिफारिस तथा सो बमोजिम सम्माननीय राष्ट्रपतिबाट सोही मितिमा भएको प्रतिनिधि सभा विघटनको निर्णय, विज्ञप्ती समेतका तत्सम्बन्धी सम्पूर्ण कामकारवाहीहरु असंवैधानिक भएकोले प्रारम्भ देखि नै कानूनी प्रभाव शून्य रहने गरी उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । उपर्युक्त बमोजिम जारी गरीएको आदेशको परिणामस्वरुप संघीय संसदको प्रतिनिधि सभा उक्त असंवैधानिक विघटन भन्दा पहिलेकै स्थितिमा पुनर्स्थापित भई यथास्थितिमै काम गर्न सक्षम र समर्थ रहेको छ । प्रतिनिधि सभाको छैठौं अधिवेशन मिति २०७७।३।१८ मा अन्त्य भएको र संविधानको धारा ९३ को उपधारा (१) बमोजिम अनिवार्य रुपमा ६(छ) महिनाभित्र अर्को अधिवेशन आह्वान हुनुपर्नेमा उपर्युक्त बमोजिम प्रतिनिधि सभा असंवैधानिक विघटन भएको कारणबाट समयावधि व्यतित भएतापनि त्यस्तो विघटनको परिणामस्वरुप बैठक बस्ने मिति समेत स्वत: परिवर्तन भएको मानि यो आदेश जारी भएको मितिले १३ (तेह्र) दिन भित्र प्रतिनिधि सभाको अधिवेशन बोलाई बैठकको लागि आवस्यक व्यवस्था गर्नु गराउनु भनि प्रत्यर्थीहरु मध्यका श्री राष्ट्रपतिको कार्यालय, शीतलनिवास, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,

# सर्वोच्चको ...

प्रधानमन्त्रीले पुस ५ गते सिफारिस गरी राष्ट्रपतिले स्वीकृत गरी जारी गरेको विज्ञप्ति असंवैधानिक भएकोले संवैधानिक र कानुनी रुपमा शून्य हुने गरी बदर गरिएको छ, फैसलामा भनिएको छ । त्यस्तै, बहुमत प्राप्त संसदीय दलको नेतासँग सरकार बनाउने र राज्य सञ्चालन गर्नेबाहेक अन्य कुनै संवैधानिक विकल्प नहुने अदालतको ठहर छ ।फैसलामा प्रधानमन्त्री ओलीलाई प्रतिनिधिसभा विघटनको सिफारिस गर्न पाउने संवैधानिक अधिकार नरहेको पनि ठहर छ ।जनताबाट बहुमत प्राप्त गरेर बनेको प्रधानमन्त्री र मन्त्रिपरिषद् संसद्प्रति उत्तरदायी भइ राज्य सञ्चालन गर्नु संवैधानिक नैतिकताको विषय हुने पनि फैसलामा उल्लेख छ । बहसका क्रममा प्रधानमन्त्रीका कानुन व्यवसायीले बहुमतको प्रधानमन्त्रीले सरकार चलाउँदिन भनेर भन्न किन नपाउने भन्दै विघटनको पक्षमा बहस गरेका थिए ।

## विघटन सिफारिसको अधिकार छैन, सरकार बन्ने विकल्प खोजिएन

सर्वोच्च अदालतको विघटन बदर गर्ने फैसलामा विघटन गर्ने निर्णय संविधानसम्मत नभएको फैसलामा ठहर गरिएको छ । बहुमतको प्रधानमन्त्रीलाई विघटनको सिफारिस गर्ने अधिकार संविधानले नदिएको फैसलामा उल्लेख छ । संसदभित्रबाट सरकार बन्न सक्ने विकल्प बाँकी रहँदारहँदै संविधानले विघटनको परिकल्पना नगर्ने पनि सर्वोच्चको ठहर छ ।

सरकार बन्ने अन्य विकल्प हुँदाहुँदै कसैको इच्छा र आत्मनिष्ठरुपमा देखेको आवश्यकताका आधारमा आवधिक चुनाव बाहेकको अवस्थामा जनतालाई समेत आर्थिक दायित्व पर्ने गरी प्रतिनिधिसभा विघटन गरिनु संविधानसम्मत नदेखिएको सर्वोच्चको ठहर छ । सरकार बनाउने विकल्प प्रतिनिधिसभाभित्रै खोज्नुपर्ने संविधानको धारा ७६ को समष्टिगत उद्देश्य र मनसाय रहेको पनि फैसलामा उल्लेख छ । संसद्ले सरकार दिन सक्ने अवस्था र विकल्प कायम रहेसम्म प्रतिनिधिसभामा बहुमत कायम रहेको संसदीय दलको नेतालाई संविधानको धारा ७६(७) मा उल्लिखित प्रावधानहरूको अभ्यास गर्नुपर्ने अवस्थाको परिकल्पना नगरेको पनि फैसलामा ठहर गरिएको छ । तर, धारा ७६ (१) का प्रधानमन्त्री रहेका ओलीले संसदभित्र सरकार गठनको अन्य विकल्पमा नगइ प्रतिनिधिसभा विघटन गरेका थिए भने संसदभित्र संविधानको धारा ७६ ले परिकल्पना गरेको सरकार बन्न सक्ने सम्भावना रहेको रिट निवेदकको जिकिर थियो ।

धारा ७६ को उपधारा (१), २),(३) र ५ को समग्र बनोटलाई हेर्दा एकपछि अर्को प्रक्रिया अभ्यासगत रुपमा प्रतिनिधिसभाभित्र कार्यान्वयन प्रधानमन्त्री नियुक्त हुन नसकेको वा विश्वासको मत प्राप्त गर्न नसकेमा मात्र धारा ७६ (७) बमोजिम तत्काल बहाल रहेका प्रधानमन्त्रीको सिफारिसमा

बाँकी ४ पेजमा

# महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

लहान नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

# कांग्रेसले गर्‍यो सर्वोच्चको फैसलालाई स्वागत

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रतिनिधिसभा विघटनको विषयमा सर्वोच्च अदालतले गरेको फैसलाको स्वागत गरेको छ । कांग्रेस सभापति शेरबहादुर देउवाले विज्ञप्ति जारी गरी सम्मानित अदालतबाट फैसला स्वागतयोग्य भएको बताएका हुन् ।

सभापति देउवाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, '२०७७ साल पुस ५ गते प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीको सरकारले प्रतिनिधिसभा विघटन गरेको घटनालाई नेपाली कांग्रेसले तत्काल नै असंवैधानिक, अलोकतान्त्रिक, अधिनायकवादी र सर्वसत्तावादी कदम भनी निर्णय गरेको थियो ।' कांग्रेसले अदालतमा विचाराधीन मुद्दामा आफ्नो पक्षमा फैसला गराउन कसैले पनि दबाब दिन नहुने र सर्वोच्च अदालतले गर्ने फैसलालाई सम्मान गर्ने कुरा सार्वजनिक गर्दै आएको पनि विज्ञप्तिमा उल्लेख छ ।

'नेपाली कांग्रेस विघटित प्रतिनिधिसभा पुनःस्थापना हुने गरी सम्मानित सर्वोच्च अदालतले गरेको फैसलाको सम्मान गर्दै स्वागत गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।


नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

फागुन ११, २०७७

**सर्वोच्चको फैसलालाई हार्दिक स्वागत**

प्रतिनिधि सभा विघटनको विषय बारे सर्वोच्च अदालतमा परेको मुद्दामा आज सम्मानीत अदालतबाट फैसला भएको छ । २०७७ साल पुस ५ गते प्रधानमन्त्री के.पी. शर्मा ओली नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको सरकारले प्रतिनिधि सभा विघटन गरेको घटनालाई नेपाली कांग्रेसले तत्काल नै असंवैधानिक, अलोकतान्त्रिक, अधिनायकवादी र सर्वसत्तावादी कदम भनी निर्णय गरेको थियो । नेपाली कांग्रेसले अदालतमा विचाराधीन मुद्दामा आफ्नो पक्षमा फैसला गराउन कसैले पनि दबाव दिन नहुने र सर्वोच्च अदालतले गर्ने फैसलालाई सम्मान गर्ने कुरा सार्वजनिक गर्दै आएको थियो । नेपाली कांग्रेस विघटित प्रतिनिधि सभा पुनर्स्थापना हुने गरी सम्मानीत सर्वोच्च अदालतले गरेको फैसलाको सम्मान गर्दै स्वागत गर्दछ ।

जय नेपाल !

शेरबहादुर देउवा
सभापति

E-mail: info@nepalicongress.org / Internet Access: http://www.nepalicongress.org

## सर्वोच्चको ...

प्रतिनिधिसभा विघटनको व्यवस्था रहेको देखिन्छ,' फैसलामा उल्लेख छ । प्रधानमन्त्री ओलीले धारा ७६ को उपधारा (१) र (७), धारा ८५ तथा संसदीय प्रणालीको आधारभूत मूल्य मान्यता तथा आफ्नै र संसदीय प्रणाली भएका देशहरूको अभ्यास बमोजिम भन्दै सरकारले विघटन सिफारिस गरेको थियो ।

## ओली ...

*जतिसुकै हत्या गरून्, तर नेपाली जनता जहिले पनि लोकतन्त्रका लागि आफूलाई होम्न तयार थिए र छन् । जनताको यो उत्कट अभिलाषालाई ओलीले नजरअन्दाज गरेका थिए । सर्वोच्चको यो फैसलासँगै अब मुलुक अँध्यारो सुरुङबाट बाहिर निस्किएको छ । अस्थिरता र अराजताको भूमरीबाट उन्मुक्ति पाएको छ मुलुकले । यति मात्र होइन, अबका कुनै पनि प्रधानमन्त्रीले सनक र तुजुकका भरमा प्रतिनिधि सभा विघटन गर्न नपाउने नजीरसमेत स्थापित भएको छ । जसले मुलुकलाई अन्यौल, अराजकता र अस्थिरतामा लैजाने ओली प्रवृत्तिको समूल नष्ट गरेको छ । सर्वोच्चको यो फैसालाले विधि, पद्धति र प्रणालीको रक्षा भएको छ । शासकहरू जस्तोसुकै प्रवृत्तिका आउन्, तर विधि र पद्धतिबाट विचलित हुन नपाउने गरी सर्वोच्च अदालतले संविधानवादको प्रत्याभूति गरेको छ । यसबाट नेपाली जनतालाई ठूलो राहत मिलेको छ । जनभावनाको कदर गरिएको छ । कोभिड(१९ र गरिबीले आक्रान्त नेपाली जनताले चैनको सास फेर्न पाएका छन् । त्यसै पनि अर्थतन्त्र थङथिलो भइरहेका बेला जनताले धान्नै नसक्ने चुनावी खर्चको बोझिलो बाध्यता टरेको छ । अर्बौं रूपैयाँ खर्च गरेर पुनः मुलुकलाई अस्थिरतातर्फ लैजाने ओलीको सपना चकनाचुर भएको छ । संविधानको रक्षा गर्न विद्वान् कानुन व्यवसायीहरूले खेलेको भूमिका प्रशंसनीय छ । सर्वोच्चले योसँगै १३ दिनभित्र प्रतिनिधि सभाको बैठक बोलाउन पनि आदेश गरेको छ । एउटा निरंकुश सरकार प्रमुखले सिंगो पद्धति र प्रणालीमाथि गरेको प्रहारबाट पाठ सिकेर नेताहरूले पनि गतिलो पाठ सिक्नुपर्ने घडी उत्पन्न भएको छ । अब विधिको शासन, संविधानको मर्यादा र जनताको सर्वोच्चतालाई शीरमा राखेर दलहरूले आफूमाथि पुनः प्राप्त भएको जिम्मेवारीको सदुपयोग गर्न सक्नुपर्छ ।*

## संविधानवादको ...

बहुमतको निर्णय नसुन्ने प्रम ओलीले हिजोसम्म बैशाख १७ र २७ मा चुनाव हुने झुठ बोल्दै थिए । संसद पनि नरहने र बैशाखमा चुनाव पनि नहुने संवैधानिक संकट यतिखेर टरेको छ । संसदीय व्यवस्थामा संसदप्रति उत्तरदायी हुनुपर्नेमा कम्युनिस्टहरू कसरी अधिनायकवाद लाद्छन्, आफू अनुकूल नहुँदा कसरी सजिलै र सानो बाहानामा संसदको हत्या गर्न उद्धत हुन्छन् भन्ने कुरा नेपाली जनताले बुझ्नु जरूरी छ । 'समृद्ध नेपाल र सुखी नेपाली' को लोभलाग्दो नारा नेकपाले सत्ता हासिल गरेको थियो । सत्तामा विराजमान केपी ओलीको कम्युनिस्ट शासनमा संसद छ्लेर जनविरोधी विधेयक ल्याइयो । गुठि विधेयक, संवैधानिक परिषद गठन सम्बन्धी विधेयक, प्रेस काउन्सिल सम्बन्धी विधेयक आदि कम्युनिस्ट सर्वसत्तावादको परिचायक हो । नेकपाको ३ वर्षको शासनकालमा ७ हजार भन्दा बढी बलात्कार, महिला हिंसा र हत्या भए । निर्मला पन्त, सम्झना वि.क., काजोल खातुन, भागीरथी भट्टहरू कम्युनिस्ट शासनको सिकार भए । नजाने कति हाम्रा चेलीबेटीहरू कालकोठरीमा नारकीय जीवन बिताइरहेका छन्, बेपत्ता छन् । ४० लाखभन्दा बढी युवाहरु खाडी मुलुकहरूमा श्रम र पसिना बगाइरहेका छन्, उनीहरूले पठाएका रेमिट्यान्सबाट मुलुक चलेको छ । उनीहरूका लागि रोजगारी र सुरक्षा छैन । यो भन्दा बढी अभिशप्त के हुन सक्छ ? ओम्नी, वाइड बडी, सेक्युरिटी प्रेस, बालुवाटार जग्गा, यति होल्डिङ्स र स्वास्थ्य सामाग्री खरिदमा भ्रष्टाचार ओली शासनकालका नमूना भ्रष्टाचारहरू हुन् । गरिबी र महङ्गीले यसबीचमा आकाश छोएको छ । यी र यस्तै नेपाली जनतालाई उनले दिएका उपहारका बीच ओलीले पनि आफ्नो जन्मदिनका दिन सम्मानित सर्वोच्च अदालतबाट संसद पुनर्स्थापनाको उपहार पाएका छन् । संयोग नै भन्नुपर्छ, यसअघिको जन्मोत्सव उनले बडो धुमधामकासाथ २-२ वटा हेलिकप्टरबाट ओसारेर जन्मथलो भोजपुरमा नेपाल नक्सा अंकित केक काटेर मनाएका थिए । भारतीय संविधानका मस्यौदाकार अम्बेदकरले भनेका थिए, संविधान जतिसुकै राम्रो भए पनि त्यसको प्रयोगकर्ता गलत भयो भने देश र जनताले दुःख पाउँछन्, संविधान खराबै भएपनि त्यसको पालनकर्ता इमानदार भए भने देश र जनताले सुख पाउछन्, न्याय पाउँछन् । अम्बेडकरले संविधान जारी गर्दैगर्दा भारतको संसदमा व्यक्त गरेका यी आशयहरूले संविधान प्रयोगकर्ता र पालनकर्ता दुवै इमानदार हुनुपर्ने सम्झाएका थिए । के शासक र शासित हामी नेपालीहरू संविधान पालनामा इमानदार छौं र ? संविधानसभाबाट निर्मित संविधानका संरक्षक राष्ट्रपति विद्यादेवी भण्डारी र प्रम ओली शक्ति उन्मादमा चुकेका छन् ।

संविधानको एक मात्रै अन्तिम व्याख्याता, शक्ति पृथकीकरणको सिद्धान्तलाई जीवन्त राख्दै सर्वोच्च अदालत र त्यसको नेतृत्व सम्माननीय प्रधानन्यायाधीश चोलेन्द्र समशेर जबरा र संवैधानिक इजलासका माननीय न्यायाधीशहरूलाई सलाम । सर्वोच्चको यो फैसला नेपाली जनता र संविधानवादको जीत र अधिनायकवादी शासकको हारको रूपमा चिरकाल पर्यन्त नेपालको इतिहासमा स्वर्णाक्षरले अंकित रहनेछ ।

**फेब्रुअरी महिना : आयोडिन महिना**

**February :Iodine Month**

नुन थोरै खाऔं तर सही मात्रामा आयोडिन भएको दुई बालबालिकाको चिन्ह भएको प्याकेटको नुन मात्र खाऔं ।

**साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड**
शाखा कार्यालय, लहान







**फ्रेन्डस मोडेल हस्पिटल, लहान-४**
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरू**
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरू**

| | |
|---|---|
| बालरोग विशेषज्ञ | डा. वृजेन्द्र यादव |
| मधुमेह, प्रेसर | डा. ल्युस्युन यादव |
| प्रसुति रोग विशेषज्ञ | डा. विरेन्द्र यादव |

**गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !**

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*
१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

| | | |
|---|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा | नरहा गाउँपालिका कार्यालय, सिरहा |




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)